# परोहा नगरपालिका

## Paroha Municipality

# नगर कार्यपालिकाको कार्यालय

## Office Of The Municipal Executive

लौकाहा, रौतहट

Laukaha, Rautahat

मधेश प्रदेश, नेपाल

Madhesh Province, Nepal

**सडक मर्मत सम्भार कामदार/समुह आवश्यकता सम्बिन्धी सार्वजनिक सुचना**

**सुचना प्रकाशन मिति : २०८२।०४।२५**

पुर्वाधार विकास कार्यालय रौतहट, गौरको प.सं.२०८२।०८३ च.नं.४३ मिति २०८२।०४।२० गतेको प्राप्त पत्रानुसार पुर्वाधार विकास कार्यालय रौतहट गौरले स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) अन्तर्गत यस नगरपालिकामा पर्ने गौर बिपि चोक-औरैया ईशनाथ-गण्डक नहर दमर चोक-बसन्तपट्टि-इनरवा-कटहरिया-जंगलसैया-सिम्री-धनसार एम.आर.एम.सडक, रौतहट (PRNMP Code PH-MH-043) नियमित मर्मत सम्भारको लागी छनौट भएको जानकारी गराइन्छ । तसर्थ यस सडकको नियमित मर्मत सम्भार कार्यको लागी सडक मर्मत सम्भार समुह गठन गर्ने उद्देश्य राखेको छ । सडक मर्मत सम्भार समुह गठन गर्न तपसिलको संख्यामा मर्मत सम्भार कामदारहरु आवश्यक भएको छ ।

**तपसिल**

| सडकको सुरुको स्थान | सडकको अन्तिम स्थान | लम्बाई | कामदारको संख्या | कैफियत |
|---|---|---|---|---|
| पोखरिया दमार चोक | बसन्तपट्टि पश्चिम कल्भर्ट सम्म | ३.७ कि.मि. | २ (दुई) | |

सडक मर्मत समुहका सदस्यहरुले आधारभुत सफाई र सरसफाई कार्यहरु साथै सानातिना मर्मत कार्यहरु गर्दै सडकलाई राम्रो अवस्थामा राख्न मिलेर कार्य गर्नुपर्नेछ । कार्य पुर्णकालिन (फुलटाईम) हुनेछ र एक बर्षको अवधिको लागी हुनेछ । यदि सडक राम्रो अवस्थामा छ भने सडक मर्मत सम्भार समुहलाई सम्पुर्ण सडकको लागी निश्चित मासिकरकम भुक्तानी गरिनेछ । यदि सडकका केही भागहरु राम्रो अवस्थामा छैनन् भने मासिक भुक्तानीमा कटौती लागु गरिनेछ ।

पुर्वाधार विकास कार्यालय रौतहट गौर मार्फत कार्यान्वयन हुन लागेको प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम अन्तर्गत यस परोहा नगरपालिका अन्तर्गत पर्ने दमर चोक-बसन्तपट्टि-इनरवा सडकको नियमित मर्मत सम्भार कार्यको लागि यस आ.व.२०८२।०८३ को लागी २ जना सडक मर्मत सम्भार कामदार (लेन्थवर्कर) छनौटको लागी यस परोहा नगरपालिकालाई लेखी आएको हुनाले तल उल्लेखित योग्यता पुगेका स्थानीय वर्ग बाट दरखास्त आव्हान गरिन्छ । ईच्छुक व्यक्तिहरुले यस परोहा नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा नागरिकताको सक्कल प्रति लिई आफै उपस्थित भई आफ्नो दरखास्त विवरण दर्ता गराउनुहुन अनुरोध गरिन्छ । समयावधि सकिए पछि आएको दरखास्त दर्ता हुने छैन ।

मो० महफुज अहमद

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

<u>दरखास्त दर्ता हुनको लागि आवश्यक मापदण्ड :</u>

१. प्राविधिक मापदण्ड

- मर्मत सम्भार कामदारको उमेर कम्तिमा १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार शारिरिक र मानसिक रुपमा स्वास्थ्य हुनुपर्नेछ र सडक मर्मत सम्भार कार्य गर्न सक्ने हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार मर्मत सम्भार हुने सडक नजिकको वासिन्दा हुनुपर्नेछ ।

२. सामाजिक मापदण्ड

- मर्मत सम्भार कामदार बेरोजगार हुनुपर्नेछ अथवा आफ्नो समयको २५ प्रतिशत भन्दा घटी रोजगारीमा संलग्न भएको हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार नगरपालिकाको सबैभन्दा गरिब व्यक्तिहरुबाट हुनुपर्नेछ ।
- महिला उम्मेदवारलाई प्राथमिकता दिइनेछ र महिला सहभागीतालाई प्रवर्द्धन गरिनेछ । छनौट गरिएको मर्मत सम्भार कामदारहरु कम्तिमा ५०% महिला हुनुपर्नेछ । सम्भव भएसम्म सबै छनौट गरिएका मर्मत सम्भार कामदारहरु महिला हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार कम्तिमा ४० प्रतिशत दलित, जनजाती, विपन्न वा पिछडिएका वर्गबाट हुनुपर्नेछ ।

<u>दरखास्त दिने अन्तिम मिति, समय र स्थान</u>

- आवेदनको अन्तिम मिति :- यो सुचना प्रकाशन भएको मितिले ७ दिनको म्याद रहेको ।
- समय :- कार्यालय समय भित्र
- सम्पर्क स्थान :- परोहा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, लौकाहा, रौतहट ।

मो. महफुज अहमद
प्रमुख प्रशासकिय अधिकृत

**मो० महफुज अहमद**
प्रमुख प्रशासकीय अधिकृत

<u>नोट : कार्यालयले आवश्यक ठानेमा आर.एम.जि.गाईडलाईन अनुसार संसोधन गर्न सक्नेछ ।</u>



CamScanner